प्रमुख प्रशासकीय अधिकृत

# धुलिखेल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

## टुंडिखेल मनोरन्जन पार्क संचालन गर्ने र प्रवेश शुल्क उठाउने सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६।४।९

यस नगरपालिकाको वडा नं ७ मा रहेको टुंडिखेल मनोरन्जन पार्क लाई सार्वजनिक निजी साझेदारीका अवधारण अनुसार संचालन, व्यवस्थापन तथा प्रवेश शुल्क उठाउने कार्य ३(तिन) वर्ष( आ.व. २०७६।७७ देखी आ.व. २०७८।७९ सम्म)का लागी ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले उक्त कार्य गर्न ईच्छुक फर्म,कम्पनी तथा संघ संस्थाहरुवाट तोकिएको न्यूनतम अंकमा नघटनेगरि देहायको शर्तहरुको अधिनमा रहि शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**प्रवेश शुल्क सम्वन्धी विवरण**

| सि.नं | आन्तरिक आय ठेक्का संकेत | शुल्क तथा सेवा शुल्क सम्वन्धी विवरण | दरभाउ पत्र फारम दस्तुर | स्वीकृत शुल्क प्रवेश शूल्कको दररेट |
|---|---|---|---|---|
| १ | ३ - ०७६/७७ | टुंडिखेल मनोरन्जन पार्क संचालन तथा पार्क प्रवेश शुल्क उठाउने सम्वन्धी | रु १०००।०० | १.प्रति व्यक्ति रु.२०।-<br>२.प्रति विद्यार्थी रु १०।-<br>३. सार्क राष्ट्र भित्रका पर्यटक रु. ५०।-<br>४.सार्क राष्ट्र वाहेकका पर्यटक रु. १००।- |

**शर्तहरु**

- दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिनको कार्यालय समय भित्र फर्म/कम्पनी/संघ संस्था दर्ता तथा नविकरणको.प्रमाणपत्रको प्रतिलिपि मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरि निवेदन साथ रु. १०००।०० (एक हजार) नगदै तिरि यस कार्यालयको राजश्व शाखा वाट प्राप्त गर्न सकिने छ ।
- खरिद गरिएको दरभाउपत्र शिलवन्दी गरि यो सूचना प्रकाशित भएको १६औ दिनको दिन १२.०० वजे भित्र यस कार्यालयमा आफुले कवोल गरेको कवोल अंकको ५%ले हुन आउने धरौटी रकम यस कार्यालयको नाउंमा रा.वा.वैंक धुलिखेल शाखामा रहेको धरौटी हि.नं १०४०३०३००७१०२ मा नगदै जम्मा गरेको वैंक भौचर वा यस कार्यालयका नाउंमा जारि गरेको मान्यता प्राप्त वाणिज्य वैंकको दरभाउपत्र दाखीला गर्ने अन्तिम मितिले ९० दिन म्याद भएको विड वण्ड सक्कलै संलग्न गरि पेश गर्नु पर्ने छ ।
- दरभाउपत्र खरिद गर्ने दिन तथा दर्ता गर्ने अन्तिम मितिमा सार्वजनीक विदा पर्न गएमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछ । म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
- म्याद भित्र दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु दरभाउपत्र दाता वा निजको प्रतिनिधी र कार्यालयका प्रतिनिधिको रोहवरमा दर्ता भएको दिनको २.०० वजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
- दरभाउपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । शर्त सहितको दरभाउपत्र स्विकृत गरिने छैन ।
- दरभाउपत्र स्वीकृत सम्वन्धि जानकारी प्राप्त भएको मितिले ७(सात) दिन भित्र कवोल अंकको २५ प्रतिशत नगदै तथा वांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंक वांट जारी भएको प्रत्येक किस्ताको छुट्टा छुट्टै कार्य सम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ ।

Scanned by CamScanner

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुतलीबजार, स्याङ्जा
३ नं. प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

- मनोरन्जन पार्क प्रवेश शुल्क उठाउंदा नगर सभा वाट पारित भएको यस कार्यालयले तोकेको दर रेटमा मात्र उठाउन पाइने छ।
- शुल्क उठाउने रसिद व्यावसायीले आफनै खर्चमा छापी यस कार्यालयवाट प्रमाणीत गराई प्रयोग गर्नु पर्ने छ।
- शुल्क शुल्क उठाउने सम्पूर्ण दायीत्व ठेकेदारको हुनेछ त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नुपर्ने नेपाल सरकारको सम्पूर्ण करहरु ठेकेदार स्वयंले वुझाउनु पर्नेछ।
- ठेकेदार र कार्यालय विचमा ठेक्का सम्वन्धी कुनै किसिमको भै झमेला पर्न आएमा सोको समाधान गर्न नगर कार्य पालिकाले निर्णय गर्नेछ। नगर कार्य पालिकाको निर्णयमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन।
- मनोरन्जन पार्क संचालन तथा उक्त पार्कमा प्रवेश शुल्कको न्यूनतम ठेक्का रकम एक आर्थिक वर्षको रु. १०,००,०००।०० (दश लाख रुपैया मात्र) कायम गरिएको छ।
- प्राप्त दरभाउपत्र स्वीकृत गर्ने या नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
- यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन वमोजीम हुनेछ।

**निजी क्षेत्रले गर्नु पर्ने र गर्न पाउने कार्यहरु**

१. पार्क भित्र हाल भई रहेको संरचनालाईनै प्रयोग गरेर या यस कार्यालयसंग समन्वय गरी न.पा.ले. तोकेको स्थानमा अस्थायी संरचना निर्माण गरि कपि हाउस, रेष्टुरेन्ट, कोशेली घर तथा क्युरेक्स सप संचालन गर्न सकिने छ।

२. पार्क भित्र ठेकेदार स्वयंले संचालन गरेको रेष्टुरेन्टमा (ध्वनी प्रदुषण तथा फोहोर मैला व्यवस्थापन समेत लाई ध्यानमा राखी) खाजा तथा भोजन गर्ने गरि ५०/६० जना सम्मको समुहको पिकनिक कार्यक्रम संचालन गर्न सकिने छ।

३. पार्क भित्र फुल विरुवाहरु रोप्ने, झारहरु सर सफाई गर्ने, रंगरोगन गर्ने कार्यहरु आफनो तर्फवाटै गर्नु पर्नेछ।

४. पार्क भित्र भई रहेका संरचना र भविश्यमा न.पा.ले निर्माण गर्ने संरचनाहरुको मर्मत संभार र संरक्षण गर्नु पर्ने छ।

५. पार्कको संचालन तथा व्यवस्थापन सम्वन्धी ठेकेदारले गर्न चाहेको विषयमा आफनो Vision सहितको प्रस्ताव दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ।

६. संझौता अवधी पछि ठेकेदारले निर्माण गरेको अस्थायी संरचनाहरु नगरपालिकाको स्वामीत्वमा हुने छ। तोकिएको संझौता अवधी समाप्त भए पछि पुन म्याद थप्ने या नथप्ने भन्ने विषयमा नगर कार्यपालिकाको निर्णय वमोजीम गरिनेछ

Scanned by CamScanner